# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.स.०७६।०७७
च.न. ०७५९

मितिः २०७७/०१/२८

चौतारा साँगाचोकगढी नगरपालिका
वडा कार्यालय सबै,

**बिषयः बिबरण पठाउने सम्वन्धमा ।**

प्रस्तुत बिषयमा भूमि सम्बन्धि समस्या समाधान आयोगको च.नं. २४ मिति २०७७/०१/१० को पत्रबाट भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको पहिचान लगत संकलन र प्रमाणित गर्ने सम्वन्धमा स्थानीय तहलाई भएको अनुरोध पत्र र बिबरण संकलन फारम सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखाको च.नं. ४१० मिति २०७७/०१/२६ को पत्रबाट प्राप्त हुन आएकोले उक्त बिबरणहरु संकलन तथा प्रमाणित गरि पठाउन हुन अनुरोध छ ।

२०७६/०१/२८
..........................
कृष्ण प्रसाद पाण्डे
(प्रमुख प्रशासकीय अधिकृत)

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं।

फोन नं: ०१-४२००५११

प सं: ०७६/७७

च नं: ४१०

मितिः २०७७।१।२६

श्री गाउँपालिका, (सबै)

श्री नगरपालिका, (सबै)

विषयः भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणिकरण सम्बन्धमा।

प्रस्तुत विषयमा भूमि सम्बन्धी समस्या समाधान आयोगको च.न.०४, मिति २०७७।१।१४ को पत्रवाट भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणिकरण गर्ने सम्बन्धमा स्थानीय तहहरूलाई भएको अनुरोध पत्र र विवरण संकलन फारम संलग्न छ। थप व्यहोरा संलग्न पत्रवाटै गर्नु भई आवश्यक व्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ।

जनकराज शर्मा

शाखा अधिकृत

बोधार्थ:

श्री भूमि सम्बन्धी समस्या समाधान आयोग, सिहंदरवार, काठमाडौं

श्री सूचना तथा प्रविधि शाखा : पत्र वेभसाइटमा अपलोड गरिदिनु हुन ।

Scanned with CamScanner

नेपाल सरकार

भूमि सम्बन्धि समस्या समाधान आयोग

२०७६

काठमाडौं

फोनः

पत्र संख्या :- ०७६/७७

चलानी नं. :- ०४

मितिः २०७७/०१ /१४

विषय : सबै स्थानीय तहहरुलाई जानकारी गराईदिने बारे।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार, काठमाडौं।

भूमि सम्बन्धी समस्या समाधान आयोगको कामलाई कुन क्षेत्रमा के कसरी अगाडि बढाउने भन्ने विस्तृत योजना तयारीको लागि भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको विवरण संकलन गर्ने सम्बन्धमा यस आयोगका अध्यक्षज्यूबाट सबै स्थानीय तहहरुलाई सम्बोधन गरिएको अनुरोध पत्र (पाना ३ यसै साथ संलग्न) सबै स्थानीय तहहरुलाई प्रषित गरिदिनु हुन निर्णयानुसार अनुरोध छ ।

(अमिर प्रसाद न्यौपाने )

सदस्य सचिब

Scanned with CamScanner

नेपाल सरकार
भूमि सम्बन्धि समस्या समाधान आयोग,
२०७६
काठमाडौं

फोनः

पत्र संख्या :- [redacted]
चलानी नं. :-

मितिः २०७७/०१ /१४

विषय : विवरण उपलब्ध गराई सहयोग गरिदिनु हुन ।

श्री प्रमुख तथा अध्यक्षज्यू,

कोरोना भाईरसको संक्रमण रोक्न र लकडाउनले पुर्याएको असरबाट आफ्ना नागरिकलाई सुरक्षित गर्न यहाँहरु अत्यन्त व्यस्त हुनुहुन्छ । यस कठिन घडीको विचमा संविधानले व्यवस्था गरेको आवास लगायतका मौलिक एवं अन्य कानुनी हक कार्यान्वयन गर्ने सिलसिलामा हामी सबैको सामुहीक दायित्व रहेको भूमि सम्बन्धी समस्या समाधानको लागि नेपाल सरकारले भूमि सम्वन्धी समस्या समाधान आयोग गठन गरेको विषय यहाँलाई अवगत नै छ ।
आयोगको कामलाई कुन क्षेत्रमा के कसरी अगाडि बढाउने भन्ने विस्तृत योजना तयारीको लागि भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको विवरण आवस्यक भएकाले उपलब्ध भए वास्तविक र नभए अनुमानीत विवरण तपसिल बमोजिमको ढाँचामा देहायको ईमेल ठेगानामा यथाशीघ्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

पत्राचारका लागि ईमेल : bhumiaayog@gmail.com

(देवीप्रसाद ज्ञवाली)

अध्यक्ष

Scanned with CamScanner

भूमि सम्बन्धी समस्या समाधान आयोग
काठमाडौं



भूमि सम्बन्धी समस्या समाधान आयोग, २०७६

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको विवरण

| प्रदेश | | जिल्ला | | गाउँपालिका/नगरपालिका | |
|---|---|---|---|---|---|

| वडा | जम्मा परिवार | भूमिहीन दलित परिवार | भूमिहीन सुकुम्वासी परिवार | अव्यवस्थित बसोवास परिवार | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

आवस्यकता अनुसार कोठा थप्न सक्नुहुन्छ ।

Scanned with CamScanner

भूमि सम्बन्धी समस्या समाधान आयोग काठमाडौं

**गाउँपालिका/नगरपालिकामा भएका भूमि सम्बन्धी समस्याहरुः**

समस्या भए तलको कोठामा (√) लगाउनुहोस् ।

| | | | |
|---|---|---|---|
| गुठी | | मोही बाँडफाँड | |
| विर्ता | | गाउँब्लक | |
| स्ववासी | | हदबन्दी भन्दा बढि जग्गा भएको | |
| वेनिस्सा | | अन्य (खुलाउने)........................ | |

"भूमिहीन सुकुम्बासी" भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ।

(भूमि सम्बन्धी ऐनको आठौं संशोधन, २०७६)

"अव्यवस्थित बसोबासी" भन्नाले सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आबाद कमोत गरी घर, टहरा बनाई बसोबास गरेका व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ।

(भूमि सम्बन्धी ऐनको आठौं संशोधन, २०७६)

Scanned with CamScanner